# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, बैशाख २८ गते, २०७६ साल (अतिरिक्ताङ्क २

## भाग २

## प्रदेश सरकार

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

### कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६

**प्रस्तावनाः** कर्णाली प्रदेशलाई आकर्षक, सुरक्षित र भरपर्दो पर्यटकीय स्थलको रुपमा विकास गर्दै पर्यटन व्यवसायको विकास, विस्तार, विविधीकरण र प्रवर्द्धनद्वारा जीवनस्तरमा सुधार गरी प्रदेश समुन्नतीको आधार तय गर्न कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम कर्णाली प्रदेश पर्यटन बोर्ड गठन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले यो आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले कर्णाली प्रदेश पर्यटन बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली सरकार, मन्त्रीपरिषदलाई सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको कर्णाली प्रदेश पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनुपर्छ र सो शब्दले बोर्डको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

३. **बोर्डको गठनः** (१) कर्णाली प्रदेशलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्द्धन र विकास गर्न तथा प्रदेश पर्यटन नीति तर्जुमा एवं कार्यान्वयन गर्न देहाय बमोजिमको कर्णाली प्रदेश पर्यटन बोर्ड रहनेछः-

(क) मन्त्री, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्त हुने पर्यटन विज्ञ एक जना -सदस्य

(ग) प्रत्येक जिल्लावाट एक जनाको प्रतिनिधित्व हुने गरी प्रदेश सरकारबाट नियुक्त हुने दश जना -सदस्य

(घ) प्रदेश सरकारबाट नियुक्त हुने पर्यटन क्षेत्रमा काम गरेको महिला एक जना - सदस्य

(ङ) सचिव, मन्त्रालय - सदस्य

(च) कार्यकारी निर्देशक - सदस्य सचिव

(२) देहाय बमोजिमको योग्यता भएका व्यक्तिहरु बोर्ड सदस्य मनोनयनको लागि योग्य हुनेछन्

(क) ३५ वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिम सदस्य नियुक्त हुनको लागि कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तिमा पाँच वर्ष पर्यटन क्षेत्रमा कार्यानुभव भएको, उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्य नियुक्त हुनको लागि कम्तिमा तीन वर्ष पर्यटन क्षेत्रमा कार्यानुभव भएको र उपदफा (१) को खण्ड (घ) बमोजिम नियुक्त हुन महिला सदस्यको लागि कम्तिमा तीन वर्ष पर्यटन क्षेत्रमा कार्यानुभव भएको ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशिताको आधारमा हुनेछ ।

(४) बोर्डका सदस्यहरु मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले निजहरुलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. **अयोग्यता** : निम्न बमोजिमका व्यक्तिहरु समितिको सदस्यको लागि योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएको ।

(ग) वैंक वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सुचीमा परेको ।

(घ) दफा ३ को उपदफा (२) बमोजिमको योग्यता नपुगेको ।

५. **बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः-

(क) पर्यटन विकासको लागि प्राकृतिक, सामाजिक, साँस्कृतिक र वातावरणीय पक्ष तथा जैविक

विविधताको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक नीति निर्धारणमा सहयोग गर्ने ।

(ख) सम्भाव्य पर्यटकीय स्थलको पहिचान गर्ने तथा पर्यटन विकासको लागि विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्दै गरीबी न्यूनिकरणमा सहयोग पुर्याउने ।

(ग) पर्यटन विकास सम्बन्धमा आधुनिक सूचना प्रविधि र उपकरणको उपयोग गरी पर्यटकीय सेवालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउने ।

(घ) पर्यटन व्यवसायको दिगो विकास र विस्तार गरी कर्णाली प्रदेशलाई एक आकर्षक र भरपर्दो पर्यटकीय गन्तव्यको रुपमा पहिचान गराउने ।

(ङ) साहसिक पर्यटन, आध्यात्मिक केन्द्र तथा स्वास्थ्य, वन्यजन्तु, कृषि, खेलकुद, पर्वतारोहण, मनोरञ्जनात्मक तथा साँस्कृतिक पर्यटन जस्ता पर्यटकीय गतिविधिहरुको विविधीकरण र विकास गर्ने ।

(च) पर्यटन सम्बन्धी रोजगारमूलक तालिम तथा सीप विकास कार्यक्रममा यूवा, महिला, आदिवासी, जनजाति, दलित र पिछडिएको वर्गलाई प्राथमिकता दिई सहभागी गराउने ।

(छ) पर्यटन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा कर्णाली प्रदेशको साँस्कृतिक, वातावरणीय सौन्दर्यता तथा जैविक विविधतामा पर्ने असरलाई न्यूनीकरण गर्न

आवश्यक उपायको अवलम्वनका साथै प्रदेश भित्रका ताल, पोखरी, नदी, खोला आदिमा प्रदुषण हुन नदिन आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने वा गराउने ।

(ज) साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको विवरण संकलन गर्ने र कला र संस्कृतिको बारेमा पर्यटकको अभिरुची वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(झ) कर्णाली प्रदेशमा मुलकका अन्य प्रदेशका नागरिकहरुको भ्रमणलाई प्रोत्साहन गरी आन्तरिक पर्यटन विकास गर्ने ।

(ञ) कर्णाली प्रदेशमा सम्भाव्य पदयात्रास्थल पहिचान गरी स्वदेशी तथा विदेशी पर्यटकलाई पदयात्राका साथै नदीमा जलयात्रा (र्‍याफ्टिङ्ग) को सम्भाव्यता अध्ययन गरी त्यसको पूर्वाधार विकास गर्ने,

(ट) पर्यटन विकासको लागि सरकारी तथा गैर सरकारी संस्थाहरू बीच आवश्यक समन्वय गर्ने, गराउने,

(ठ) मन्त्रालयले तोकेको अन्य आवश्यक काम गर्ने वा गराउने ।

६. **बोर्डको बैठक सम्बन्धी कार्यविधिः** बोर्डको वैठक सम्वन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(१) बोर्डको बैठक कम्तीमा तीन महिनाको एक पटक बस्नेछ । तर आवश्यक परेमा जुनसुकै बखतमा वस्न सक्नेछ ।

(२) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बोर्डको बैठक बस्ने सूचना बोर्डको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै कार्यसुची सहित सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) बोर्डको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले गर्नेछ ।

(६) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बोर्डको अध्यक्षले कुनै पदाधिकारी वा विशेषज्ञलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछन् ।

(८) बोर्डको निर्णय बोर्डको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **अध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) पर्यटन क्षेत्रसंग सम्वन्धित काम समन्वयात्मक ढंगले सञ्चालन गर्ने, गराउने ।

(ख) पर्यटन क्षेत्रको नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थितिको बारेमा समय समयमा प्रदेश सरकारलाई जानकारी गराउने ।

(ग) बोर्डले सम्पादन गर्नु पर्ने कामको सम्बन्धमा सदस्यहरुको जिम्मेवारी बाँडफाड गर्ने ।

(घ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

(२) बोर्डको नियमित काम कारबाही अध्यक्षको निर्देशन अनुरुप हुनेछ ।

८. **सदस्यको काम, कर्तव्य र अधिकार** : सदस्यको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः-

(क) तोकिएको जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित विभिन्न निकायहरु तथा जिल्ला स्तरमा स्थानीय तहहरुसंग समन्वय गरी कार्यक्रम गर्ने, गराउने,

(ख) तोकिएको जिम्मेवारी क्षेत्रसंग सम्वन्धित योजना तथा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरि बोर्डलाई जानकारी गराउने,

(ग) दफा ३ बमोजिम जिल्लागत रुपमा मनोनित हुने सदस्यले सम्वन्धित जिल्लामा गठन हुने जिल्ला पर्यटन प्रवर्द्धन समितिको अध्यक्षता गर्ने,

(घ) अध्यक्षले तोके बमोजिमको अन्य काम गर्ने ।

९. <u>कार्यकारी निर्देशकः</u> (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न मन्त्रालयले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) देहाय बमोजिमको योग्यता भएको व्यक्ति कार्यकारी निर्देशक नियुक्तिको लागि योग्य हुनेछः-

(क) ३० वर्ष पुरा भई ५० वर्ष उमेर ननाघेको नेपाली नागरिक,

(ख) कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको र पाँच वर्ष पर्यटन क्षेत्रमा कार्यानुभव भएको ।

(३) कार्यकारी निर्देशकको पदावधि बढिमा ५ वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले आफ्नो पद अनुरुप जिम्मेवारी पुरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव माफिकको मौकाबाट वञ्चित गरिने छैन ।

(५) कार्यकारी निर्देशकको नियुक्ति प्रचलित कानून अनुसार खुला प्रतिस्पर्धाद्वारा गरिनेछ ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक र सुविधा प्रदेश सरकारको दशौं तहको अधिकृत वा सो सरहको हुनेछ ।

१०. **सिफारिस समितिः** (१) कार्यकारी निर्देशकको नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) बोर्डको सदस्यहरु मध्येबाट बोर्डले तोकेको एक जना सदस्य -संयोजक

(ख) बोर्डको सदस्य बाहेक मन्त्रालयले छनौट गरेको एक जना पर्यटन विज्ञ -सदस्य

(ग) मन्त्रालयको पर्यटन क्षेत्र हेर्ने महाशाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१)को खण्ड (ग) बमोजिमको महाशाखा प्रमुख नभएमा मन्त्रालयको सचिवले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य सचिव हुनेछ ।

(३) सिफारिस समितिले यस गठन आदेश बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट छनौट गरी तीन जना व्यक्तिको नाम प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ । प्रदेश सरकारले सिफारिस भएका व्यक्तिहरु मध्येबाट एक जना व्यक्तिलाई प्रमुख कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता पूरा भएका आवेदकहरु तीन जना भन्दा कम भए पनि सिफारिस गर्न र नियुक्ति गर्न बाधा पर्ने छैन ।

(५) सिफारिस समितिले कार्यकारी निर्देशकको नियुक्तिको लागि सिफारिस गर्दा तोकिएको विषयको व्यावसायिक कार्ययोजनाको तयारी र यसको प्रस्तुतिकरण, अवधारणा परीक्षण तथा अन्तर्वार्ता समेतको आधारमा सिफारिस गर्नु पर्नेछ । अन्य प्रक्रिया सिफारिस समितिले आफै निर्धारण गर्न सक्नेछ ।

**११.** **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने ।

(ख) बोर्डको प्रशासकीय तथा लेखा सम्बन्धी र अन्य काम कारवाहिलाई व्यवस्थित गर्ने, गराउने ।

(ग) तोकिए बमोजिमको अन्य कामहरु गर्ने, गराउने ।

**१२.** **बोर्डका कर्मचारीः** (१) बोर्डको दैनिक कार्य सन्चालनको लागि मन्त्रालयले मन्त्रालय मातहतका कर्मचारी काजमा खटाउनेछ ।

(२) प्रदेशले आवश्यक कर्मचारी खटाउन नसकेको अवस्थामा बोर्डले प्रदेश सरकारको पूर्व स्वीकृति लिई बोर्डमा आवश्यकता अनुसार करार सेवामा कर्मचारी नियुक्त गर्न सक्नेछ । तर लेखा तथा जिन्सी सम्वन्धी काम गर्ने कर्मचारी उपदफा (१) वमोजिम मन्त्रालयले खटाएको निजामती सेवाको कर्मचारी नै हुनुपर्नेछ ।

(३) प्रदेश सरकारको पूर्व स्वीकृति नलिई बोर्डमा कर्मचारी नियुक्त गर्न वा बोर्डमा नियुक्त भएका कर्मचारीको पारिश्रमिक तथा भत्ता बृद्धि गर्न सकिने छैन ।

१३. **जिल्ला पर्यटन प्रवर्द्धन समितिः** (१) प्रदेशका सबै जिल्लामा उक्त जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेश पर्यटन बोर्डका सदस्यको संयोजकत्वमा बढिमा सात सदस्यीय जिल्ला पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ । समितिमा रहने सदस्यको प्रतिनिधित्व समावेशी आधारमा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) जिल्ला पर्यटन प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **बोर्डको कोषः** (१) बोर्डको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन:-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट चन्दा वा सहायता स्वरुप प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट ऋण वा अनुदान स्वरुप प्राप्त रकम,

(घ) बोर्डले उपलब्ध गराएको सेवा वापत प्राप्त रकम, वा,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु पूर्व बोर्डले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) बोर्डले उपदफा (१) बमोजिमको कोषमा रहने रकम प्रदेश भित्रको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) बोर्डको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोष कार्यकारी निर्देशक र बोर्डको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

**१५.** **लेखा र लेखापरीक्षणः** (१) बोर्डको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ।

(२) बोर्डको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(३) बोर्डको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) प्रदेश सरकारले बोर्डको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत परिक्षण गराउन सक्नेछ ।

**१६.** **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछः-

(क) पदावधि पुरा भएमा,

(ख) प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) दफा ३ को उपदफा (५) बमोजिम हटाईएमा,

(घ) दफा ४ बमोजिम अयोग्य भएमा, वा

(ङ) मृत्यु भएमा ।

१७. **<u>सदस्यको पारिश्रमिक र सुविधाः</u>** (१) सदस्यको दैनिक भ्रमण भत्ता अधिकृतस्तर दशौं तहको कर्मचारी सरह हुनेछ ।

(२) सदस्यको अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **<u>निर्देशन दिन सक्नेः</u>** (१) प्रदेश सरकारले बोर्डद्वारा गरिने काम कारबाहीको सम्बन्धमा बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु बोर्डको कर्तब्य हुनेछ ।

१९. **<u>प्रतिवेदन पेश गर्नुपर्ने</u>** : बोर्डले प्रत्येक वर्ष आफुले सम्पादन गरेको कामको प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको मितिले तिन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२०. **<u>प्रदेश सरकारसंग सम्पर्कः</u>** बोर्डले आफनो काम कारबाहीको सिलसिलामा प्रदेश सरकारसंग सम्पर्क राख्नुपर्दा मन्त्रालय मार्फत् गर्नु पर्नेछ ।

२१. **<u>अधिकार प्रत्यायोजनः</u>** बोर्डले यस आदेश बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **बोर्डको कार्यालयः** बोर्डको कार्यालय प्रदेश राजधानी, वीरेन्द्रनगर, सुर्खेतमा रहनेछ ।

२३. **नियम बनाउने अधिकारः** बोर्डले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

२४. **खारेजी र बचाउः** (१) प्रदेश सरकार अन्तर्गत संचालन तथा व्यवस्थापन भएको कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६ बमोजिम गठित कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति खारेज गरिएको छ ।

(२) कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६ बमोजिम भए गरेका काम कारबाहीहरु यसै गठन आदेश बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**धिरेन्द्रकुमार प्रधान**
**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतद्वारा मुद्रित